**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ संख्या ४.१० मितिः २०७७/०८/०७

**भाग-२**

**देउमाई नगरपालिका**

## देउमाई नगरपालिकाको आयोजना व्यवस्थापन रकम (कन्टिन्जेन्सी रकम) खर्च सम्वन्धी कार्यविधि, २०७७

देउमाई नगरपालिका

कार्यपालिकाद्वारा स्वीकृत मितिः२०७७.०८.०७

नगरसभाबाट स्वीकृत मितिः

# देउमाई नगरपालिकाको आयोजनाव्यवस्थापन रकम (कन्टिन्जेन्सी रकम) खर्च सम्वन्धीकार्यविधि, २०७७

प्रस्तावना :

देउमाई नगरपालिकाको नगरसभाबाट प्रत्येक आर्थिक वर्षको लागिपारित भएका योजनातथाकार्यक्रमको आयोजनाव्यवस्थापन रकम (कन्टिन्जेन्सी रकम) खर्च गर्नको लागि देउमाई नगरपालिकाको प्रशासकीयकार्यविधिनियमितगर्ने ऐन २०७४ को दफा ४ को प्रयोग गरी नगर कार्यपालिकाबाट मिति २०७७।०८।०७ मा स्वीकृत भई यो कार्यविधिजारी गरिएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम देउमाई नगरपालिकाको आयोजनाव्यवस्थापन रकम (कन्टिन्जेन्सी रकम) खर्च सम्वन्धीकार्यविधि, २०७७हुनेछ ।

१.२ यो कार्यविधिनगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) 'आयोजना'भन्नाले नगरपालिकाको नगरसभाबाट आर्थिक वर्षको लागिपारित सवै किसिमका योजनाहरु सम्झनुपर्छ ।

ख) 'कार्यक्रम'भन्नाले नगरपालिकाको सोंच, नीतितथा योजनाभित्रको क्रियाकलाप सम्झनुपर्छ ।

ग) 'कन्टिन्जेन्सी रकम'भन्नाले आयोजनाव्यवस्थापन सम्बन्धीकार्यमाखर्च गर्न आवश्यक रकमसम्झनुपर्छ ।

घ) लागत सहभागिताभन्नाले योजना संचालनहुने क्षेत्रका स्थानीय जनताबाट योजना संचालनकालागिसंकलनगरिनेरकम सम्झनुपर्नेछ ।

ङ) जनसहभागिताभन्नाले योजना संचालनहुने क्षेत्रका स्थानीय जनताबाट योजना संचालनकालागिगरिएको श्रम सहभागितासम्झनुपर्नेछ ।

देउमाई नगरपालिका

च) 'सुपरभाइजर' भन्नाले योजनाको समग्र व्यवस्थापनको लागिनियुक्तिगरिएको फिल्ड कर्मचारी सम्झनुपर्छ ।

छ) हेरालु तथा सहयोगीभन्नाले योजनाको व्यवस्थापनमा सहयोग तथा रेखदेख गर्न तोकिएको व्यक्ति सम्झनुपर्छ ।

ज) 'उपभोक्ता समिति'भन्नाले योजनाबाट प्रत्यक्षअप्रत्यक्षलाभपुग्ने स्थानीयजनताको आम भेलाबाट गठित उपभोक्ताको समितिलाई सम्झनुपर्छ ।

झ) 'नगरपालिका'भन्नाले देउमाई नगरपालिका सम्झनुपर्छ ।

ञ) 'नगरसभा'भन्नाले देउमाई नगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

ट) 'नगरकार्यपालिका'भन्नाले देउमाई नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

ठ)प्रमुख, उपप्रमुख, वडाध्यक्ष, वडा समिति, प्रमुखप्रशासकीयअधिकृत, वडा सचिव, लेखाप्रमुख'लगायतअन्यप्रचलितशब्दहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथाअन्यप्रचलितकानुनमा परिभाषित गरेअनुसार हुनेछ ।

**३. कन्टिन्जेन्सी रकमतोक्ने :**

३.१देउमाई नगरसभाबाट पारित भएका योजनाहरुकोलागिआयोजनाव्यवस्थापन सम्वन्धीखर्च गर्न कन्टिन्जेन्सी बापतबढीमा पाँचप्रतिशत सम्मकट्टीगर्न सकिनेछ ।

३.२नगरकार्यपालिकाले तोकेको कन्टिन्जेन्सी रकम योजना सम्झौताफारममाउल्लेख गर्नुपर्नेछ ।

**४. कन्टिन्जेन्सी रकमखर्च :** कन्टिन्जेन्सी रकमबाट देहायकाशीर्षकमाखर्च गर्न सकिने :

क) योजनाको लागितोकिएको कन्टिन्जेन्सी रकममध्येबाट योजनाव्यवस्थापनको लागिआवश्यक पर्ने कार्यहरु जस्तै, वैठक खर्च, तालिम प्रशिक्षण तथाअन्तर्क्रिया,मसलन्द सामान, स्टेशनरी, फिल्ड सुपरभाइजर, फिल्ड सर्भे तथा स्टिमेट सम्वन्धीखर्च, गार्ड तथा हेरालु, सहयोगी, सवारी साधन भाडा, अनुगमनतथामूल्यांकनभत्ता, टि.ए.डि.ए खर्च,खाजाखानाआदि सम्वन्धीखर्च लगायत योजना सम्वन्धीचालु प्रकृतिकाकार्यमाखर्च गर्न सकिनेछ ।

देउमाई नगरपालिका

ख) योजनाको लागिआवश्यक पर्ने सवारी साधन (साइकल, मोटरसाइकल, गाडी आदि), मेसिनरी औजार (ल्यापटप,क्यामेरा, मेजरिङ टेप,जिपीएस, फिल्ड सर्भे तथा स्टिमेट सँग सम्वन्धीत सामानआदि)फर्निचर तथाफिक्चर्स जस्ता पुँजीगतप्रकृतिको खरिद सम्वन्धीकार्यमाखर्च गर्न सकिनेछ ।

ग)पुँजीगत परामर्श सम्बन्धीखर्च(डिपीआर, आइ.इ.ए., इ.आइ.ए., मास्टर प्लानआदि) कार्यमाखर्च गर्न सकिनेछ ।

घ) सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापनतथाकार्यविधिमाउल्लेखितपारदर्शिता र उत्तरदायित्वकायमगर्ने सम्बन्धीखर्च।

ङ)लागतअनुमानमाउल्लेखभएबाहेककागुणस्तर परीक्षणका लागिप्रयोगशाला सम्बन्धीआवश्यकखर्च।

च) आयोजनासँग सम्बन्धित सामाजिक परिचालनखर्च।

छ) आयोजनासँग सम्बन्धितनगरपालिकाबाट खर्च हुने इन्धन, सवारी मर्मत तथा रेनकोट छाता गमबुट लगायतका सुरक्षा सामाग्री सम्बन्धीखर्च।

ज) योजनाअनुगमनतथामूल्यांकनभत्ता रकम, सवारी साधन भाडा रकम, खाजाखानावापतको रकमतथाअन्यखर्च नगर कार्यपालिकाको निर्णय, सम्वन्धितपक्षसँग गरेको सम्झौता, खरिद तथा सेवालिईएकोमाविल भरपाई बमोजिमहुनेछ ।

झ) नगर कार्यपालिकाले निर्णय गरेबमोजिमअन्यखर्च।

**५) रकमकुलजम्मा गरी खर्चगर्न सकिने :**

क) योजनाको लागि छुट्टाइएको कन्टिन्जेन्सी रकमबाट तोकिएको शिर्षकमाखर्च गरी रकमवाँकी रहने भएमा त्यसरी वाँकीहुनआएको प्रत्येक योजनाको उक्त रकमहरुलाई कुलजम्मा गरी नगरकार्यपालिकाको निर्णय बमोजिमनगरपालिकाले पारित गर्ने योजनाकार्यान्वयनको लागि सहयोग पुग्ने सवारी साधन, मेसिनरी औजार जस्ता ठूला प्रकृतिकपुँजीगत सामानखरिद, पुँजीगत परामर्श (डिपीआर, आइए, इआए, मास्टर प्लानआदि) कार्य गर्न सकिनेछ ।

ख) एउटै वडा तथापायक पर्ने क्षेत्रमा सञ्चालनहुने विभिन्न योजनाहरुको कन्टिन्जेन्सी रकमकुलजम्मा गरी एक भन्दा वढी योजनाको लागिहुने गरी समेत नगर

कार्यपालिकाको निर्णयानुसार योजना सम्पन्नहुदाँसम्मको लागि सुपरभाइजर, फिल्ड कर्मचारी, सहयोगीलगायतकर्मचारी नियुक्तगर्न सकिनेछ ।

ग) योजनाको लागितोकिएको कन्टिन्जेन्सी रकममध्येबाट आयोजनासँग सम्वन्धित सामान्यप्रकृतिकाचालु खर्च वाहेकाअन्य ठूला चालु प्रकृतिकाकार्यमाखर्च गर्नुपर्ने भएमानगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सकिनेछ ।

**६)कन्टिन्जेन्सी रकमबाट योजनामाथपगर्न सकिने** : खर्च भई वाँकीहुनआएको योजनाको कन्टिन्जेन्सी रकमलाई कुल गरी सोहीआर्थिक वर्षमाकार्यान्वयन भैरहेका तर रकमअभावभएका योजनाहरुमानगरकार्यपालिकाको निर्णयानुसार कुल रकम वाँडफाँड गरी थपगर्न सकिनेछ ।

**७)वहुवर्षिय योजनाको कन्टिन्जेन्सी रकमखर्च** : बहुवर्षिय योजनाभनीतोकिएका योजनाहरुको कन्टिन्जेन्सी रकमलाई योजना सम्पन्नहुदा सम्मप्रत्येक वर्ष हुने खर्चको योजनाबनाई खर्च गर्नुपर्नेछ ।

**८)तोकिएको शिर्षकमाखर्च गर्नुपर्ने** : कन्टिन्जेन्सी रकमबाट खर्च गर्ने भनी यस कार्यविधिमातोकिएको वानगर कार्यपालिकाबाट तोकिएकोसम्वन्धितशिर्षकमाखर्च गरी सोको विल भरपाई नगरकार्यपालिकाको कार्यालयमा पेश गरी भुक्तानीलिनुपर्नेछ । तोकिएबमोजिमवाहेक अन्यमाखर्च गरेमा सोको भुक्तानीहुने छैन । यदिभुक्तानीभई वेरुजु कायमभएमाखर्च गरी पेश गर्ने व्यक्ति, कर्मचारी वापदाधिकारीबाट असुलउपर गरिनेछ ।

**९) नगरकार्यपालिकाको निर्णय अन्तिमहुने** : यस कार्यविधिमाउल्लेख नभएको तर आयोजनासँग सम्वन्ध राख्ने खर्च शिर्षक भएमा, धेरै मूल्यको सामाग्रीखरिद, कर्मचारी नियुक्तितथा सेवा परामर्श लिनुपर्ने भएमातथाखर्च गर्ने सम्वन्धमाकुनै द्विविधावाविवादभएमा सो सम्वन्धमा कन्टेन्जेसी रकमखर्च सम्वन्धीमर्म भित्र रहीनगर कार्यपालिकाले गरेको निर्णय अन्तिमहुनेछ ।

**१०) स्थानीय सञ्चितकोषमा रकमजम्माहुने** : सम्पुर्ण योजनाको खर्च हुननसकेको कन्टिन्जेन्सी रकम सोहीआर्थिक वर्षको अन्त्यमा यस नगरपालिकाको स्थानीय सञ्चितकोषमाजम्माहुनेछ ।

**११) संशोधन** : संघीय सरकार तथाप्रदेश सरकारले कन्टिन्जेन्सी रकमखर्च सम्वन्धमावनाएको नीति, कानुन, निर्देशनभित्र रही यस नगरपालिकाको आवश्यकता समेतको आधारमा यस कार्यविधिमा संशोधन, परिमार्जन तथाखारेजीहुनेछ ।

१२)**बचाउः**यस कार्यविधिलागू हुनु अगाडी नगरपालिकाबाट भए गरेकाकामकारवाही यसै कार्यविधिबमोजिमभए गरेको मानिनेछ।

देउमाई नगरपालिका